## भाग ३
## उद्यम विकास कोष स्थापना र सञ्चालन

**४. उद्यम विकास कोषको स्थापना::**

(१) सूर्योदय नगरपालिका भौगोलिक क्षेत्र भित्र विभिन्न उद्यम व्यवसाय प्रवर्धन गरी समृद्ध अर्थतन्त्रको विकास गर्न अक्षय कोषको रुपमा एक उद्यम विकास कोष रहनेछ ।

(२) उद्यम विकास कोषमा देहाय बमोजिमका रकम जम्मा गरिनेछ :

(क) सूर्योदय नगरपालिकाले प्रत्येक वर्ष विनियोजन गर्ने रकम,

(ख) संघीय सरकार र प्रदेश सरकारले उद्यम विकास सम्बन्धी कार्यक्रमका लागि उपलब्ध गराएको रकम,

(ग) दातृ निकाय तथा विकास साझेदार संस्थाबाट उपलब्ध गराइएको रकम,

(घ) उद्यम विकासको लागि सामदायिक संघसंस्था तथा निजी क्षेत्रबाट प्राप्त भएका रकम,

(ङ) व्यवसाय विकास सेवा प्रदायक संस्थाहरुबाट प्राप्त भएको रकम,

(च) विषयगत निकायबाट उद्यम विकासका लागि उपलब्ध अनुदान तथा मिलान कोष वापतका रकम,

(छ) कोषमा प्राप्त ब्याज तथा कोष परिचालनबाट प्राप्त भएको आम्दानी रकम र

(ज) उद्यम विकासका लागि अन्य स्रोतबाट प्राप्त रकमहरू ।

**५. कोषको सञ्चालन :**

(१) नगर उद्यम विकास समिति मार्फत कोषको संचालन हुनेछ ।

(२) उद्यम विकास कोषमा जम्मा भएको रकम नगर उद्यम विकास समितिको स्वीकृतिले रोजगारी सिर्जना तथा उद्यम विकास तथा स्तरोन्नतिका कार्यक्रमहरुमा बाहेक अन्य कार्यक्रममा खर्च गर्न पाइने छैन ।

(३) प्रदेश सरकारले मेड्पा कार्यक्रम लगायत आर्थिक आय आर्जन तथा उद्यम विकास र रोजगारी सिर्जनाका लागि नगरपालिकामा उपलब्ध गराउने बजेट यहि उद्यम विकास कोषमार्फत सञ्चालन गरिनेछ ।

(४) उद्यम विकास कोषको खाता सञ्चालन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत तथा नगरपालिकाका लेखा अधिकृतको संयुक्त दस्तखतवाट हुनेछ ।

(५) उद्यम विकास कोषको श्रेस्ता नगरपालिकाको लेखा अधिकृतको जिम्मामा रहनेछ ।

(६) बजेट निकासा, खर्च र प्रतिवेदन एव लेखा परीक्षण सम्बन्धी व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ ।

**६. उद्यम विकास कोष निर्देशन समितिको गठनः**

(१) उद्यम विकास कोष मार्फत सञ्चालन गरिने उद्यम स्थापना तथा संचालन गरी रोजगारी सिर्जना तथा आयआर्जन गर्ने कार्यक्रम कार्यान्वयनलाई प्रभावकारी बनाउन निर्देशन दिन देहाय बमोजिमको उद्यम विकास निर्देशन समितिको गठन हुनेछः

| | |
|---|---|
| (क) संयोजक : | नगर प्रमुख |
| (ख) सदस्य : | नगर प्रमुखले तोकेको कार्यपालिका सदस्य महिला सहित दुई जना |
| (ग) सदस्य : | स्थानीय उद्योग वाणिज्य संघका प्रतिनिधि |
| (घ) सदस्य सचिव : | प्रमुख प्रशासकीय अधिकृत |

(ड) फलफूल तथा खाद्य प्रशोधन उद्योग,

(ढ) आवास तथा पूर्वाधार निर्माणमा आधारित उद्यम व्यवसय ।

**१०. विज्ञहरुको परामर्श लिन सकिने:**

(१) व्यवसाय विकास सेवा प्रदायक संस्थाहरुको छनौट गर्न आवश्यकता अनुसार विज्ञ परामर्शदाताहरुको सहयोग लिन सकिनेछ ।

(२) सेवा प्रदायक संस्थाको सेवा लिए वापत नगरपालिका कार्यालयको बार्षिक संचालन खर्चवाट भुक्तानी गरिनेछ ।

## भाग : ५

## व्यवसायिक उद्यम छनौटको आधार

**११. व्यवसायिक उद्यम छनौटका आधार :** भाग ४ दफा ९ मा उल्लेखित उद्यम क्षेत्रहरु मध्ये कुनै एक क्षेत्रमा एक वडा भित्रका कम्तिमा १० जना यूवाको समूह एवं संघसंस्थालाई उद्यम संचालन गर्नका लागि देहायका छनौट आधारहरु निर्धारण गरिएको छ ।

१. हामी उद्यम आफ्नै पौरखमा गर्दछौं भन्ने कार्यक्रममा समावेश हुने यूवाको न्यूनत्तम योग्यता :

क. १६ वर्ष पुरा भई ४० वर्ष ननाघेको नेपाली नागरिक ।

ख. नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजायें नपाएको ।

ग. सरकारी चलअचल सम्पतिको दुरुपयोग नगरेको ।

घ. मागज नविग्रेको ।

२. यूवा समूहको निर्माण :

क. वेरोजगार तथा अर्ध–वेरोजगार युवायुवती हुनु पर्ने ।

ख. समुहमा कम्तीमा ५० प्रतिशत महिला हुनु पर्ने ।

ग. नगरपालिकाको लक्षित समूहमा हुनुपर्नेछ ।

घ. मेडपा, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद, व्यवसायिक सिप तथा विकास तालिम केन्द्र आदि जस्ता उद्यम सम्बन्धि तालिम प्रदान गर्ने संस्थाबाट तालिम प्राप्त गरेको युवायुवतीलाई विशेष प्राथमिकता दिइनेछ ।

३. समूहका लागि न्यूनत्तम आधारहरु :

क. प्रचलित कानून बमाजिम दर्ता भई नियमानुसार नवीकरण भएको ।

ख. युवायुवतीको आर्थिक हकहितको संरक्षण र सम्वर्द्धनको क्षेत्रमा काम गर्ने उद्देश्य भएको ।

ग. अनुसुची १ को ढाँचामा निवेदन र अनुसुची २ बमोजिमको ढाँचामा व्यवसायिक योजना संलग्न गरेको

घ. समुहमा आवद्ध व्यक्ति कालो सूचीमा नपरेको ।

ङ. समूह कम्तिमा १० व्यक्तिहरु रहेको हुनुपर्नेछ । समूह सहकारी संस्थाले प्रवर्द्धन गरेको समेत हुन सक्नेछ ।

